श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

लेखा सदस्य श्री बासुदेव खनाल

फैसला

२०७९/८० सालको निर्णय नं. ४२९

पुनरावेदन नं. ०७७-RB-००११

पुनरावेदन दर्ता मितिः २०७७।०४।११

मुद्दाः– आयकर (आ.व. २०७०/७१)।

का.जि.का.म.पा. वडा नं.१ हात्तिसार स्थित लक्ष्मी बैंक लिमिटेडको तर्फबाट अख्तियारी प्राप्त ऐ. बैंकका प्रमुख कार्यकारी अधिकृत अजयविक्रम शाह.............१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपूर............................................१
आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं.........................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी.**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मितिः—२०७५।०३।२०

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं

निर्णय गर्ने पदाधिकारीः- महानिर्देशक श्री विनोद बहादुर कुँवर

निर्णय मितिः- २०७६।११।०७

**उपस्थित कानून व्यवसायीहरुः-**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ताद्वय श्री समिर शर्मा र श्री प्रकाश रेग्मी

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री संगीता थोकर

**अवलम्वित नजीरः ×**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०३।२० मा भएको संशोधित कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।११।०७ मा भएको निर्णय समेत उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम पर्न आएको यो पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

<u>**तथ्य खण्ड**</u>

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गत बैंकिङ कारोवार गर्ने करदाता लक्ष्मी बैंक लि.ले आर्थिक वर्ष २०७०/७१ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार मिति २०७१।०९।३० मा ठूला करदाता कार्यालयमा पेश गरेको।

२. लक्ष्मी बैंक लिमिटेडको आ.व.२०७०/०७१ को आय विवरण र सोसंग सम्बन्धित कागजात तथा विवरणको अध्ययन छानविन गरी कर परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्चहरु दावी भएको, व्यवसायको मुनाफा र लाभतर्फ गणना गर्दा समावेश हुनुपर्ने रकम समावेश भएको नदेखिएकोले सोही ऐनको दफा १०१ बमोजिम रु.७३,२३,५५,३८६।२५ को संशोधित करयोग्य आय कायम गर्नु पर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम मिति २०७५।०२।२८ मा करदाताको नाममा जारी गरिएको सूचना।

३. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७५।०२।२८ मा जारी गरिएको सूचना करदाताले मिति २०७५।०२।२८ मा वुझिलिई सोको लिखित जवाफ मिति २०७५।०३।११ मा पेश गरेको।

४. आ.व. २०७०/०७१ मा प्रस्तुत करदाताले आयकर ऐन, २०५८ को दफा १३ बमोजिम गैर बैंकिङ्ग सम्पत्ति नोक्सानी व्यवस्था वापतको खर्च रू.५,३७,४०,७८५।- कट्टी नपाउने सम्बन्धमा प्रस्तुत करदाताले लिएको जिकिर पुग्न सक्ने नदेखिएको हुंदा उक्त आयकर ऐन, २०५८ को दफा १३ बमोजिम बढी खर्च दाबी गरेको गैर बैंकिङ्ग सम्पत्ति रू.५,३७,४०,७८५।- लाई आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खर्च कट्टी नपाउने हुँदा करदाताको आ.व. २०७०/७१ को लागि आयकर ऐन, २०५८ दफा १०१ बमोजिम रू.७३,२३,५५,३८६।२५ (अक्षेरूपीः त्रिहत्तर करोड तेईस लाख पचपन्न हजार तिन सय छयासी रूपैंया पैसा पच्चिस मात्र।) संशोधित कर योग्य आय कायम गरी कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा

१०२ वमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०३।२० मा खडा भएको निर्णय पर्चा।

५. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०३।२० मा जारी गरेको आ.ब २०७०/७१ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित नबुझाई करदाता लक्ष्मी बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०५।२२ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. आयकर ऐन, २०५८ बमोजिम संशोधित कर निर्धारण गर्दा कर दायित्वमा फरक परेको अवस्थामा दफा १२०(क) वा १२०(ख) बमोजिमको शुल्क समेत निर्धारण गर्ने गरिन्छ। निवेदक बैंकले लापरवाहीपूर्वक गरेको नभई भुलवश विवरण पेश गरेको कारण कर दायित्वमा फरक परेकोले कार्यालयबाट दफा १२०(क) बमोजिम शुल्क माग गर्ने गरी गरेको निर्णय कानून सम्मत नै देखिएको हुँदा निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।११।०७ मा भएको निर्णय।

७. प्रत्यर्थी कार्यालयबाट विना आधार प्रमाण मिति २०७५।०३।२० मा गरिएको संशोधित कर निर्धारण आदेशमा करदाताले पेश गरेको आय विवरण भन्दा रु.५,३७,४०,७८६।- वढि आय कायम गरी संशोधित कर निर्धारण बमोजिम लाग्ने कर रकम भनी रु.१,६१,२२,२३५।८० को कर, सोमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क भनी रु.८०,६१,११७।९० शुल्क, ऐ.ऐन को दफा ११८ बमोजिमको ब्याज रु.१३,८२,९४८।६१, एवं ऐ.ऐनको दफा ११९ बमोजिमको व्याज रु.८८,४९,६५१।९४ समेत गरी आयकर तर्फ कुल कर रकम रु.३,४४,१५,९५४।२५ कर निर्धारण गरिएको छ। करदाता बैङ्कले आफ्नो वार्षिक आय विवरण एवं सो मुताविक दाखिला गर्नु पर्ने कर दाखिला गरेको अवस्थामा गैर कानूनी रुपमा अनावश्यक शुल्क, लगाउन मिल्दैन। कानुनत सम्पूर्ण विवरण पेश गरी लाग्ने कर रकम दाखिला गरेको अवस्थामा विना आधार एवं कारण शुल्क एवं व्याज लगाउने गरी ठूला करदाता कार्यालयबाट मिति २०७५।०३।२० मा भएको कर निर्धारणको निर्णय एवं सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७६।११।०७ को निर्णय समेत बदर गरी सम्पूर्ण कर, शुल्क एवं व्याज समेतबाट छुटकारा पाउँ भनी करदाता लक्ष्मी बैंक लिमिटेडले यस न्यायाधिकरणमा मिति २०७७।०४।११ मा दर्ता गरेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दाफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने मिति २०७८।०९।२३ को यस न्यायाधिकरणबाट भएको आदेश।

९. यसमा पुनरावेदक करदाताबाट नियुक्त कानुन व्यवसायी विद्वान अधिवक्ता श्री समीर शर्माले रुघा खोकीको ज्वरो आई विरामी परेको कारण देखाई पेशी स्थगित गरी पाउँ भनी निवेदन दिएको देखिँदा आज मुद्दाको सुनुवाइ गर्न मिलेन। प्रस्तुत मुद्दा र लगाउमा रहेका मुद्दाहरु अध्ययन गरी हेर्दा मुद्दा दुई वर्ष भन्दा वढी पुरानो रहेको, पुनरावेदक करदाताबाट नियुक्त कानुन व्यवसायीबाट यस अघि नै तीन पटक पेशी स्थगित भएको र एक भन्दा वढी कानुन व्यवसायी मुकरर भएको देखिँदा प्रस्तुत मुद्दा र लगाउ रहेका मुद्दाहरु अब पेशी स्थगित नहुने र आज अन्तिम पटक पेशी स्थगित भएको जानकारी तारेखमा रहेका वारेस मार्फत पुनरावेदक र कानून व्यवसायीहरुलाई दिई नियमानुसार पेश गर्नु भन्ने मिति २०७९।०४।१७ को यस न्यायाधिकरणबाट भएको आदेश।

१०. यसमा पुनरावेदकले यस न्यायाधिकरणमा पुनरावेदनपत्र दायर गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१)(क) बमोजिम विवादीत कर रकम रु.३,४४,१५,९५४।३५ को पचास प्रतिशतले हुने रु.१,७२,०७,९७७।१७ रकम धरौटी राख्नु पर्नेमा मिसिल संलग्न प्रमाणबाट राखेको नदेखिँदा यो आदेश भएको १५ दिन भित्र धरौटी दाखिला गर्न लगाइ लगाउका मुद्दा समेत साथै राखी नियमानुसार पेश गर्नु भन्ने मिति २०७९।०५।१४ को यस न्यायाधिकरणबाट भएको आदेश।

११. उक्त आदेश बमोजिम करदाताले तारेख ११ सेप्टेम्बर २०२२ मा धरौटी रकम वापत बैंक जमानत जारी गराई मिति २०७९।०५।२८ को निवेदन साथ पेश गरेको।

## ठहर खण्ड

१२. नियम बमोजिम पेसी सूचिमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा करदाता लक्ष्मी बैंक लिमिटेडका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताद्वय श्री समिर शर्मा र श्री प्रकाश रेग्मीले गैर बैकिङ्ग सम्पत्ति नोक्सानीको खर्च कट्टी दिन नमिल्ने भनी ठूला करदाता कार्यालयबाट भएको आदेश एंव सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय कानून सम्मत नभएकोले वदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१३. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगीता थोकरले ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो।

१४. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय

मिलेको छ, छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१५. करदाताले पुनरावेदन पत्रमा लिएको पहिलो पुनरावेदन जिकिर जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकम रु.५,३७,४०,७८५।५० कट्टी दिन नमिल्ने सम्बन्धमा रहेको देखिन्छ । गैर बैकिङ्ग सम्पत्ति नोक्सानी वापतको रकम तथा जोखिम व्यहोर्ने कोषमा राखेको कर्जाको असुली रू. ५,३७,४०,७८५।५० आयमा समावेश गरेको मिलेन भनी लिएको जिकिर सम्बन्धमा हेर्दा, आयकर ऐन, २०५८ को दफा ५९(१क) मा **"नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डको अधिनमा रही बैकिङ्ग व्यवसाय संचालन गर्ने व्यक्तिले जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकम तथा गैर बैकिङ्ग सम्पत्ति वापत व्यवस्था गरिएको रकम समेतको ५ प्रतिशतसम्मको रकमलाई खर्च कट्टीको रूपमा कट्टी गरिनेछ"** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। सोही दफाको उपदफा (१ग) मा **"जोखिम व्यहोर्ने कोष कायम रहेको अवस्थामा नउठ्ने आसामी भनी मुनाफाबाट खर्च लेखिएमा मिन्हा हुने छैन र त्यस्तो कोषमा रहेको रकम पुँजीकृत गरिएमा वा मुनाफा वा लाभांश बाँडफाँड गरिएमा जुन वर्ष बाँडफाडँ गरिएको छ सोही वर्षको आयमा समावेश गर्नुपर्ने प्रावधान रहेको"** देखिन्छ। उक्त कानूनी व्यवस्था अनुसार असुली हुन बाँकी कर्जा रकमको लागि राखिएको जोखिम व्यहोर्ने कोष नेपाल राष्ट्र बैंकको मापदण्ड अनुसार ५ प्रतिशत भन्दा वढी भएपनि ५ प्रतिशतसम्म मात्र र ५ प्रतिशत भन्दा कम भए सो रकम बरावर मात्र खर्च कट्टी गर्न मिल्नुका साथै अघिल्लो आर्थिक वर्षमा जोखिम व्यर्होने कोषमा राखिएको रकम अर्थात आयकर प्रयोजनको लागि खर्च कट्टी भएको रकम पछिल्लो बर्ष त्यस्तो जोखिम व्यर्होने कोष कम वा घटी भएको अवस्थामा त्यस्तो आयकर गणना गर्दा खर्च कट्टी भएको जति रकम सोही बर्षको करयोग्य आयमा समावेश गर्नु पर्नेमा पुनरावेदक करदाताले सो गरेको देखिन आएन।

१६. आयकर ऐन, २०५८ को दफा ५९(१क) बमोजिम जोखिम व्यहोर्ने कोष तथा कर्जा अपलेखन खर्च लिएको रकम असूली हुँदा सोही ऐनको दफा २५ को उपदफा (१क) बमोजिम मुनाफा र लाभमा समावेश गर्नुपर्नेमा पुनरावेदक करदाताले Write Back भएको उक्त रकम फिर्ता भएको रकम हुँदा त्यस्तो रकम करदाताले आयमा समावेश गरेको नपाईएकोले उक्त रकम मुनाफा तथा लाभतर्फ समावेश गर्नु पर्ने नै देखिँदा कर्जा असुल रकमलाई आयमा समावेश गर्ने गरी कार्यालयले गरेको निर्णय कानून सम्मत नै रहेको देखिन्छ।

१७. अब पुनरावेदक करदाताको अन्तिम पुनरावेदन जिकिर आयकर ऐन, २०५८ को दफा ११८, ११९ को ब्याज तथा दफा १२०(क) बमोजिम लगाएको शुल्क त्रुटिपूर्ण छ भनी जिकिर लिएको पाइयो। आयकर ऐन, २०५८ को दफा ११८ मा कुनै व्यक्तिले कुनै आय वर्षमा दफा ९४ बमोजिम दाखिला गर्नुपर्ने किस्ता रकम सम्बन्धमा खण्ड (क) मा उल्लिखित रकम भन्दा खण्ड (ख) मा उल्लिखित रकम बढी भएमा यसरी बढी भएको

रकममा उपदफा (२) बमोजिम व्याज लाग्ने र सोही ऐनको दफा ११९ को उपदफा (१) मा कर तिर्नुपर्ने तोकिएको मितिसम्म व्यक्तिले कर दाखिला नगरेमा दाखिला गर्न बाँकी रहेको रकममा यसरी कर दाखिला गर्न बाँकी रहेको अवधि भरको लागि सो व्यक्तिलाई प्रत्येक महिना र महिनाको भागमा सामान्य व्याज लाग्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। करदाताले गैर बैकिङ्ग सम्पत्ति वापत व्यवस्था गरिएको रकम समेतको ५ प्रतिशतले हुने रकम खर्च दावी गरेको जिकिर लिएको भए पनि करदाताले कर्जा अपलेखन खर्च लिएको रकम असूली भएको स्थितिमा आयमा समावेश नगरी आय विवरण पेश गरी आयकर ऐनको दफा २५(१क) को परिपालना नगरेको अवस्थामा भएको संशोधित कर निर्धारणबाट सिर्जित थप कर दायित्व यकिन भइसकेको स्थितिमा दफा ११८ र ११९ बमोजिम शुल्क र व्याज कानून बमोजिम लाग्ने नै देखिंदा यस सम्बन्धमा लिएको करदाताको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। जहाँ सम्म आयकर ऐन, २०५८ को दफा १२० बमोजिम शुल्क लगाएको कानून विपरीत रहेको भन्ने जिकिर छ सो सम्बन्धमा हेर्दा, उक्त दफा १२० मा "कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुट्टा वा भ्रमपुर्ण विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई वा सो विवरणबाट हटाई विवरणमा उल्लिखित जानकारी भ्रमपुर्ण हुन गएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्नेछ।" भन्ने व्यवस्था गर्दै खण्ड (क) मा "जानाजानी वा लापरवाहीपुर्वक गरेको नभई भुलबस झुट्टा वा भ्रमपुर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत" भन्ने व्यवस्था रहेको पाइयो। प्रस्तुत मुद्दामा करदाताले आ.व. २०७०।७१ को आय विवरण पेश गर्दा आयमा देखाउनुपर्ने रकम नदेखाएको कारणबाट करदाताको आय विवरण भ्रमपूर्ण भएको पुष्टि हुन्छ। यस स्थितिमा यी करदाताको हकमा आयकर ऐन, २०५८ को दफा १२० आकर्षित हुने नै देखिंदा जानी जानी वा लापरवाही पूर्वक गरेको नभई भुलबश भ्रमपूर्ण विवरण हुन गएको भनी पचास प्रतिशत थप शुल्क लगाएको कानून सम्मत नै हुँदा करदाताको यो जिकिरसँग समेत सहमत हुन सकिएन।

१८. तसर्थः माथि विवेचित आधार र कारणबाट करदाता लक्ष्मी बैंक लि.(स्थायी लेखा नं.३००२७७४०९) को आ.ब २०७०/०७१ को संशोधित कर निर्धारण गरी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०३।२० मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।११।०७ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदक जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौंलाई दिनू।
२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।
३. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. यस मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालयमा पठाई  रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो  सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
ईजलास अधिकृतः- लक्ष्मी प्रसाद शर्मा
इतिसम्बत २०८० साल जेष्ठ २३ गते रोज ३ शुभम्------------------------------
प्रमाणीकरण गर्नेः-
प्रमाणीकरण मितिः-                    राजस्व न्यायाधिकरण काठमाडौंको छाप